मरिण गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

**क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट सवारी साधन पिकअप खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना**

(प्रथम पटक प्रकाशन मिति : २०७६/११/१६ गते

मरिण गाउपालिकाको कार्यपालिकाको निर्णयानुसार देहाय बमोजिमको सवारी साधन पिकअप सार्वजनिक खरिद ऐन (२०६३ पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४ ( चौथो संशोधन) को नियम ३१(ख) बमोजिम त्यस्तो **सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागि आधिकारिक विक्रेता (Importer)** हरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन (क्याटलग वा ब्रोसर), गुणस्तर र कम्पनीको आधिकारिक मुल्य खुल्ने कागजात संलग्न राखि तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) सवारी साधनको स्वीकृत विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ । कार्यालयबाट स्वीकृत स्पेशिफिकेशनको offered specification column मा आफनो प्रस्ताव गरेको उपकरणको विस्तृत विवरण तथा माग गरिएका अरु थप विवरण अनिवार्य भरेर सही छाप गरी सिलबन्दीका साथ पेश गर्नुपर्नेछ ।

२) उक्त कागजात लिनका लागि ईच्छुक उत्पादक कम्पनी वा सो को नेपालका लागि आधिकारिक विक्रेताले उक्त सवारी साधन विक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र, सो को अद्यावधिक नविकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ. व. २०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात सहित यस कार्यालयमा उपस्थित हुनुपर्नेछ । **साथै नेपालको आधिकारिक विक्रेताको हकमा उत्पादक कम्पनीको Authorization पत्र (Manufacturer Authorization Letter) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।**

३) यो सूचना प्रकाशित भएको मितिले ७ औ दिनको कार्यालय समयसम्म यस कार्यालयमा छुटाछुट्टै सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिने छ । दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोको भोलिपल्ट दिउसो १२.०० बजे खोलिनेछ ।

४) साथै सूचिकृत नभएका उत्पादक वा आधिकारिक विक्रेता कम्पनीहरुले सूचिकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने ब्यहोरा समेत जानकारी गराइन्छ ।

५) पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ ।

| सि.नं. | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | डबल क्याब पिकअप | Double Cab Pick Up, Right Hand Drive model with four wheel drive, Diesel Engine developing Maximum rated power output not less than 45 kw at governed RPM, Torque not less than 190 NM | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्विकृत technical specification बमोजिम हुनेछ । |

२०७६।११।१३

प्रमुख प्रशासकिय अधिकृत

बिनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत